प्रेम गोपाल कर्माचार्यको जन्म २०१३ साल साउन ४ गते भक्तपुर नपाको सुकुलढोकामा भएको हो । उहाँ माता सुनकेशरी र पिता कृष्णगोपाल कर्माचार्यका एक्लो छोरा हुनुहुन्छ । उहाँका दुई दिदीहरू हुनुहुन्छ ।

वहाँका श्रीमती सुशिला कर्माचार्य, दुई छोरी र एक छोरा हुनुहुन्छ ।

वहाँले राजनीति शास्त्रमा स्नातकोत्तर उत्तीर्ण गर्नुभएको छ भने काठमाण्डौ रत्नराज्य क्याम्पसमा अंग्रेजी साहित्यको स्नातकोत्तरसम्म अध्ययन गर्नु भएको छ । अंग्रेजी विषयमा बी.एड. गर्नुभएका कर्माचार्यले शिक्षक पेशागत तालिम र श्रोत व्यक्ति तालिम प्राप्त गर्नु भएको छ । त्यस्तै वातावरण विषयमा ग्रीन क्याम्प नेपालद्वारा प्रदान गरिएको तालिम र भारतको अहमदावाद स्थित वातावरण शिक्षा केन्द्रबाट तीन महिनाको विशेष तालिम पनि प्राप्त गर्नुभएको छ ।

वहाँ अनिवार्य अवकाश प्राप्त शिक्षक हुनुहुन्छ । शिक्षण पेशाको क्रममा वहाँले भक्तपुरका विद्यार्थी निकेतन, शारदा, वागीश्वरी गरी झन्डै ४१ वर्ष सेवा गर्नुभयो । त्यसक्रममा शिक्षाको विकासको लागि वहाँले शारदा उमाविमा पाँच वर्ष विहान सञ्चालित कक्षा ११ र १२ को संयोजक भई काम गर्नुभयो । शिक्षण पेशाकै क्रममा वहाँ वीगीश्वरी अगुवा श्रोत केन्द्र र श्री पद्म श्रोत केन्द्रको श्रोत व्यक्तिको रूपमा ११ वर्ष सेवा गर्नुभयो ।

वहाँले विद्यार्थीहरूलाई वातावरण संरक्षणमा उत्प्रेरित गर्न, सामाजिक क्रियाकलापमा संलग्न गर्न र नेतृत्व विकासमा सहयोग पुऱ्याउन सामुदायिक र संस्थागत विभिन्न विद्यालयहरूमा वातावरण क्लवहरूको स्थापना र सञ्चालनमा योगदान पुऱ्याउनु भयो । त्यस्तै विभिन्न संघसंस्थाले सञ्चालन गरेका वातावरण सम्बन्धी गतिविधिहरूमा पनि सहयोग पुऱ्याएर वातावरण सम्बन्धी प्राप्त तालिमहरूलाई उपलब्धिमुलक रूपमा सदुपयोग गर्नुभयो । वहाँले वातावरणीय अध्ययन तथा अनुसन्धान गर्ने अन्तर्राष्ट्रिय संस्था इसीमोडको सहयोगमा ग्रीन क्याम्प नेपालद्वारा आयोजित गोष्ठीमा 'The Role of Eco-Club in Mountains Perspective' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस्तै वातावरण सम्बन्धी अर्को संस्था ओइस्का (OISCA) नेपालद्वारा आयोजित कार्यक्रममा 'नेपालमा इको-क्लवको वर्तमान अवस्था' विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

भारत, थाइल्याड र लावसको भ्रमण गर्नु भएका प्रेम गोपाल कर्माचार्य समाजमा मृदुभाषी, शिष्ट र मिलनसार व्यक्तिको रूपमा चिनिनुहुन्छ भने विद्यार्थीहरू माझ कुशल शिक्षकको रूपमा परिचित हुनुहुन्छ । वहाँ नेपाल क्रानितकारी शिक्षक संघको सदस्य हुनुहुन्थ्यो भने शिक्षक संगठन भक्तपुरको सहसचिव पदमा उम्मेदवार हुनु भएको थियो । वहाँ अरनिको पुस्तकालयको संस्थापक सदस्य र नेपाल हृदय रोग निवारण प्रतिष्ठान भक्तपुरको विशिष्ट सदस्य हुनुहुन्छ ।

गएको वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा वहाँ नेपाल मजदुर किसान पार्टीको तर्फबाट भक्तपुर नगरपालिकाको वडा नं. ५ को वडाध्यक्ष पदमा अत्यधिक मतले विजयी हुनुभएको छ । वहाँले १९९२ मत प्राप्त गर्नुभयो भने निकतम प्रतिद्वन्द्वीको मत ८५३ थियो ।

विनाशकारी भूकम्प २०७२ को बेला आफ्नो श्रोत केन्द्र अन्तरगतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूको स्थलगत भ्रमण गरी क्षति संकलन गरी जिल्ला शिक्षा कार्यालय, भक्तपुरमा प्रतिवेदन बुझाउनुभयो । विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी विद्यालयका शिक्षकहरूलाई मनोपरामर्श कक्षाहरू सञ्चालन गर्नुभयो । सामुदायिक विद्यालयहरूमा अस्थायी टहरा निर्माणमा समन्वय गर्नुका साथै विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरणमा क्रियाशील हुनुभयो ।